## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ बमोजिम ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने विवरण मध्ये २०८१ साल (श्रावण, भाद्र र असौज) महिनाको विवरणः

| क्र.स. | बिबरणको सुची | बिबरण/प्रगति | कैफियत |
|---|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रलाई समेत सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरण सृजना गरी यस क्षेत्रको विकास तथा विस्तार गर्नका साथै दूरसञ्चार क्षेत्रलाई अझ व्यवस्थित र नियमित गर्न दूरसञ्चार ऐन, २०५३ बमोजिम अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था, नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunications Authority) को मिति २०५४ फागुन २० गते स्थापना भयो। | |
| २. | निकायको काम,कर्तव्य र अधिकार | दूरसञ्चार ऐन, २०५३ को दफा १३ बमोजिम प्राधिकरणको काम र कर्तव्य देहाय बमोजिम तोकिएको छ।<br><br>१. दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।<br>२. दूरसञ्चार सेवा तथा सुविधा सर्वसुलभ र भरपर्दो बनाउने।<br>३. आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपालभरका शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुर्‍याउन आवश्यक व्यवस्था गर्ने।<br>४. दूरसञ्चार सेवा सञ्चालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरूलाई सहभागी बनाउने।<br>५. दूरसञ्चार सेवा र सुविधा सर्वसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरूबीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने।<br>६. दूरसञ्चार सेवा र दूरसञ्चारसम्बन्धी यन्त्र तथा उपकरणहरूको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने ।<br>७. दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने।<br>८. दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र दिने।<br>९. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने।<br>१०. रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिद्वारा निर्धारित नीति अनुरूप फ्रिक्वेन्सीसम्बन्धी काम गर्ने।<br>११. दूरसञ्चारको क्षेत्रमा नयाँ प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने। | |

| | | | |
|---|---|---|---|
| | | १२. दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने।<br>१३. उपभोक्ताहरूको हक हितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने।<br>१४. दूरसञ्चारका सम्बन्धमा नेपाललाई अन्तर्राष्ट्रिय ट्रान्जिटको रूपमा विकास गर्ने, गराउने।<br>१५. दूरसञ्चार सेवाको विकास र प्रवर्द्धनका लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने।<br><br>उपर्युक्त कार्यसम्पादन गर्न दूरसञ्चार ऐन, २०५३ को दफा १३ ले प्राधिकरणलाई देहाय बमोजिमको अधिकार प्रदान गरेको छ।<br><br>१. दूरसञ्चारसम्बन्धी यन्त्र, उपकरण तथा सुविधाहरूको गुणस्तर निर्धारण गर्ने।<br>२. अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने।<br>३. दूरसञ्चार सेवा प्रदायकहरू बीच र सेवा प्रदायक र ग्राहकबीच पर्ने विवाद समाधान गर्ने।<br>४. दूरसञ्चार सेवाको निरीक्षण र जाँचबुझ गर्ने।<br>५. अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एवं ऐन बमोजिम कार्य नगरेमा सेवा प्रदायकहरूलाई दण्ड जरिवाना गर्ने।<br>६. सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिस गर्ने।<br>७. क्षतिपूर्ति निर्धारण गर्ने।<br>८. सेवा प्रदायकलाई अरूको घर जग्गा उपयोग वा प्राप्तिका लागि आवश्यकतानुसार नेपाल सरकारलाई सिफारिस गर्ने।<br>९. महसुल दर र अन्तरआबद्धता सम्बन्धमा निर्देशिका बनाई लागु गर्ने।<br>१०. प्राधिकरणलाई आवश्यक पर्ने विनियम बनाउने।<br>११. ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्ने रकमको दस्तुर निर्धारण गर्ने। | |
| ३. | निकायको रहने कर्मचारी संख्या र कार्य विवरण | स्विकृती दरबन्दीः-११० ,कार्यरत कर्मचारी संख्याः-९३। | |
| ४. | निकायले प्रदान गर्ने सेवा | दूरसंचार सेवा संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने, महशुल दर स्वीकृत गर्ने , फ्रिक्वेन्सी (Spectrum) व्यवस्थापन तथा वितरण गर्ने, अनुगमन तथा निरीक्षण कार्य गर्ने, अनुमतिपत्र तथा उपभोक्ता हित संरक्षण कार्य गर्ने, नम्बरीङ्ग व्यवस्थापन गर्ने, उपकरण स्तर निर्धारण गर्ने । | |
| ६. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सम्पूर्ण विवरण कार्यालयको वेभसाइटमा उल्लेख गरिएको सोको लिंक https://nta.gov.np/ne/ सांगठनिक-संरचना। | |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दूरसंचार ऐन, नियमावलीमा उल्लेख भए बमोजिम उक्त बिषय नागरिक बडापत्रमा उल्लेख गरिएको । | |

<table>
<tr><td>८.</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td>दूरसंचार प्राधिकरणका शाखा, महाशाखा, निर्देशनालय, अध्यक्ष, प्राधिकरण बोर्ड ।</td><td></td></tr>
<tr><td>९.</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td>नागरिक बडापत्रमा उल्लेख गरिएको, सोको लिंक https://nta.gov.np/wp-content/uploads/Nagarikbadapatra-Final.pdf ।</td><td></td></tr>
<tr><td>१०.</td><td>सम्पादन गरेको कामको विवरण</td><td>
१. दूरसञ्चार ऐन, २०५३, दूरसञ्चार नियमावली, २०५४ तथा नेपाल दूरसञ्चार प्राधिकरण (कार्य सम्पादन) विनियमावली, २०७६ लगायतका विनियमावलीहरु बमोजिम प्राधिकरणले गर्नुपर्ने कार्यहरु निरन्तर रुपमा गर्ने गरिएको।
२.आ.व. २०८१/८२ को दोश्रो त्रैमासमा प्रदान गरिएका Type Approval उपकरणहरू सम्बन्धी विवरण
<table>
<tr><th>Type Approval Certificates</th><th>2081/082</th><th>Kartik</th><th>Mangshir</th><th>Poush</th></tr>
<tr><td rowspan="2">GSM Handset</td><td>Permanent (PP)</td><td>13</td><td>28</td><td>8</td></tr>
<tr><td>Provisional (P)</td><td>33</td><td>26</td><td>13</td></tr>
<tr><td rowspan="2">GSM Device</td><td>Permanent (PP)</td><td>1</td><td>0</td><td>0</td></tr>
<tr><td>Provisional (P)</td><td>4</td><td>6</td><td>1</td></tr>
<tr><td rowspan="2">Satellite Phone</td><td>Permanent (PP)</td><td></td><td></td><td></td></tr>
<tr><td>Provisional (P)</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">Satellite Terminal</td><td>Permanent (PP)</td><td></td><td></td><td></td></tr>
<tr><td>Provisional (P)</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">Tablet</td><td>Permanent (PP)</td><td>0</td><td>5</td><td></td></tr>
<tr><td>Provisional (P)</td><td>1</td><td>1</td><td></td></tr>
<tr><td rowspan="2">Short Range Device</td><td>Permanent (PP)</td><td>18</td><td>13</td><td>3</td></tr>
<tr><td>Provisional (P)</td><td>22</td><td>38</td><td>7</td></tr>
<tr><td></td><td>Total</td><td>92</td><td>117</td><td>32</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ११. | प्रमुख, प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने आधिकारीको नाम र पद | प्रमुखको नाम र पदः श्री भुपेन्द्र भण्डारी, अध्यक्ष<br>प्रवक्ताः श्री सन्तोष पौडेल, निर्देशक<br>सहायक प्रवक्ताः डा. श्री प्रदिप पौड्याल, उप-निर्देशक<br>सूचना अधिकारीः श्री प्रतिमा घिमिरे, उप-निर्देशक | |
| १२. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | दूरसञ्चार क्षेत्रको नियमनकारी निकायको रुपमा नेपाल दूरसञ्चार प्राधिकरण दूरसञ्चार ऐन,२०५३ बमोजिम स्थापित निकाय हो। प्राधिकरणसँग सम्बन्धित ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्थाहरुको सूची निम्नानुसार रहेको छ।<br><br>**दूरसञ्चार क्षेत्रसँग सम्बन्धित ऐनहरू**<br>१) दूरसञ्चार ऐन, २०५३<br>२) उपभोक्ता संरक्षण ऐन, २०७५<br><br>**दूरसञ्चार क्षेत्रसँग सम्बन्धित नियमावलीहरू**<br>१) दूरसञ्चार नियमावली,२०५४<br>२) दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४<br>३) उपभोक्ता संरक्षण नियमावली,२०७६<br>४) अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९<br>५) अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियम<br><br>**प्राधिकरणसँग सम्बन्धित विनियमावलीहरू**<br>१) सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४<br>२) नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३<br>३) नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) विनियमावली, २०६८<br>४) नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८<br>५) नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँच कार्यविधि सम्बन्धी विनियमावली, २०६८<br>६) नेपाल दूरसञ्चार प्राधिकरण (कार्य सम्पादन) विनियमावली, २०७६<br>७) दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७९<br>८) नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरुको (सेवाका शर्त सम्बन्धी) विनियमावली,२०७६ | |

९) नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३

१०) मोबाइल डिभाइस व्यवस्थापन प्रणाली विनिमावली, २०७५

११) वाईफाई हटस्पट सञ्चालन सम्बन्धी विनियमावली, २०७५

१२) दूरसञ्चार टावर निर्माण तथा संचालन सम्बन्धी विनियमावली, २०७६

१३) नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६

१४) दूरसञ्चार उपकरण आयात तथा बिदेशी मुद्रा सटही सिफारिस सम्बन्धी (कार्यविधि) विनियमावली, २०७६

१५) मोबाइल टावरवाट सृजित विद्युतीय चुम्वकीय विकिरण (इ.एम.आर) वाट सर्वसाधारण तथा कामदारको सुरक्षा स
२०७६

१६) नेपाल दूरसञ्चार प्राधिकरणको इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन सम्बन्धी विनियमावली, २०७७

१७) साइबर सुरक्षा विनियमावली, २०७७

१८) दूरसञ्चार सेवा प्रदायकले संकलन गरेको ग्राहकको फर्म लगायतका कागजात धुल्याउने विनियमावली, २०७७

१९) दूरसञ्चारका पूर्वाधार सह-प्रयोग र सो को शुल्क निर्धारण सम्बन्धी विनियमावली २०७८

२०) दूरसञ्चार सेवा गुणस्तर सम्बन्धी विनियमावली, २०७९

२१) विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी (कार्यविधि) वि

**नीति**

१) सूचना प्रविधि प्रयोग सम्बन्धी नीति, २०८०

२) दूरसञ्चार नीति, २०६०

३) सूचना तथा सञ्चार प्रविधि नीति, २०७२

४) भू-उपग्रह नीति, २०७७

५) रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८०

**कार्यविधि, मापदण्ड तथा मार्गदर्शन**

१) सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यविधि

२) सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यविधि

३) दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०८०

४) ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुर्या

| | | | |
|---|---|---|---|
| | | ५) दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७<br>६) प्राधिकरणको सेवा संचालन मार्गदर्शन, २०७७<br>७) भिडियो कन्फरेन्सीङ्ग सेवा सञ्चालन सम्बन्धी विशेष निर्देशिका<br>८) प्रि-पेड कलिङ्ग कार्ड (Prepaid Calling Card) सेवा संचालन सम्वन्धी विशेष निर्देशिका<br>९) दूरसञ्चारका पूर्वाधार सहप्रयोग सम्बन्धी निर्देशिका<br>१०) अनलाईन बालसुरक्षा निर्देशिका, २०७६<br>११) अन्तरआवद्दता सम्बन्धी निर्देशिका, २०७६<br>१२) दूरसञ्चार सेवाहरूको लागि शुल्क स्वीकृति सम्बन्धी निर्देशिका<br>१३) दूरसञ्चारका अन्य अतिरिक्त सेवा संचालन गर्ने सम्बन्धमा सामान्य निर्देशिका<br>१४) नेटवर्क सेवाको विशेष निर्देशिका<br>१५) भिस्याट सेवा प्रयोगकर्ताको लागि विशेष निर्देशिका | |
| १३. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण | आ.व.२०८१/८२ को लागि विनियोजित बजेट रकम<br>बजेट रु. ३९२८८/- (लाखमा)<br>आ.व. २०८१/८२ को पुष मसान्त सम्मको खर्चको<br>बिवरण रु.७६८/- (लाखमा) | |
| १४. | तोकिए बमोजिमका अन्य विवरण | | |
| १५. | सार्बजनिक निकायको वेभसाइट भए सोको विवरण | www.nta.gov.np | |
| १६. | सार्बजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण | कार्यालयको सूचना पार्टी र वेवसाइट तथा आवश्यकता अनुसार राष्ट्रिय दैनिक पत्र पत्रिका | |